# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश

पत्र संख्याः-२०८१/०८२

## हाट बजार ठेक्का बन्दोवस्त सम्बन्धी सूचना

*(तेस्रो पटक प्रकाशित मितिः-२०८१/०५/१८)*

मरिण गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ७ को अनुसूची ६ मा भएको व्यवस्था अनुसार यस गाउँपालिकाले देहाय बमोजिमका स्थानहरूबाट आन्तरिक कर संकलनको लागि मिति २०८१।०५।०७ को गाउँ कार्यपालिकाको बैठकले बहाल विटौरी (हाट बजार) कर उठाउन ठेक्का बन्दोबस्त गर्ने निर्णय गरेको हुँदा इच्छुक व्यक्ति, फर्म वा संस्थाहरूले (स्थायी लेखा नम्बर (PAN) मा आबद्ध भएका) निम्नानुसारका शर्तहरूको अधीनमा रहि प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सिलबन्दी प्रस्ताव पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सूचना नं. | स्थान र वडा नं. | | न्यूनतम कबोल रकम(रु.) | कैफियत |
|---|---|---|---|---|
| ६/२०८१/०८२ | चँदुली कृषि हाट बजार | ०६ | २५,०००/-(पच्चीस हजार) | |

**शर्त तथा बन्देजः**

१. इच्छुक योग्य व्यक्ति, फर्म वा संस्थाहरूले रकम रु १०००/- (अक्षरेपि एक हजार मात्र) दस्तुर बुझाई यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय सम्ममा लिखित निवेदन दिएर ठेक्का सम्बन्धी कागजात खरिद गर्न सकिनेछ । ७ औं दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट फर्म खरिद गर्न सकिनेछ ।

२. खरिद भएको ठेक्का सम्बन्धी कागजात सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे सम्म सिलबन्दी गरी यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । तोकिएको समयमा दर्ता हुन आएका फर्महरू सोही दिनको २:०० बजे कार्यालय समयमा खोलिनेछ । एउटा व्यक्ति वा फर्मले खरिद गरेको ठेक्का सम्बन्धी कागजात अर्को व्यक्ति वा फर्मले प्रयोग गर्न पाइने छैन ।

३. फर्मको हकमा फर्म दर्ता तथा नवीकरणको प्रमाण-पत्र, PAN दर्ता प्रमाण-पत्र र आ.व. ०७९/८० को कर चुक्ताको प्रमाण पत्र पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. ठेक्का परेको व्यक्ति, फर्म वा संस्थाले कबोल अङ्कको ५० प्रतिशत रकम अग्रीम भुक्तानी गर्नु पर्नेछ र बाँकी ५० प्रतिशत रकम जेठ मसान्त सम्ममा जम्मा गरिसक्नु पर्नेछ ।

५. अन्य प्रावधान प्रचलित कानून बमोजिम हुनेछ ।

२०८१/०५/१८

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत